# हेटौंडा उपमहानगरपालिकाको दोश्रो नगरसभा समक्ष नगर उपप्रमुख श्री मीना कुमारी लामाबाट मस्यौदा बिधेयंक तथा संशोधित बजेट सम्बन्धी संक्षिप्त प्रस्तुती

यस सभाका अध्यक्ष एवं हेटौंडा उपमहानगरपालिकाका प्रमुख श्री हरिबहादुर महतज्यू,

माननीय मुख्य मन्त्री श्री डोरमणी पौडेलज्यू

प्र. प्र. अधिकृत श्री कृष्णप्रसाद पाण्डेज्यू

वडा अध्यक्षज्यूहरू र नगरकार्यपालिकाका सदस्यज्यूहरू, एवं

नगर सभाका सदस्यज्यूहरू,

सम्पूर्ण सञ्चारकर्मीज्यूहरू,

सर्वप्रथम यस सभामा उपस्थित सबैमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

हेटौंडा उपमहानगरपालिकाको दोश्रो नगर सभाबाट चालु आ व २०७४।०७५ को बिनियोजन संशोधन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न एवं तत् सम्बन्धी कार्यक्रम लागि बसेको यस गरिमामय सभामा सर्वप्रथम नेपाल राष्ट्रको स्थापना, निर्माण, प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय गणतन्त्र स्थापना एवं कार्यान्वयनको क्रममा बिभिन्न समय, स्थान र चरणमा भएका आन्दोलनहरूमा देश र जनताका लागि आफ्नो अमूल्य जीवन नै उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय सभामा उपस्थित हुनु भएका माननीय मुख्य मन्त्रीज्यू एवं सम्पूर्ण आदरणीय सभासदज्यूहरू,

स्थानीय तहको गठन भई निर्वाचन सम्पन्न हुनासाथ स्थानीय सरकारको हैसियतले परिवर्तित सन्दर्भको नयाँ बजेट नीति तथा कार्यक्रमका साथ अघि बढ्नुपर्ने बाध्यतालाई दृष्टिगत गरी तत्काल जारी नगरी नहुने आर्थिक ऐन, २०७४ तथा बिनियोजन ऐन २०७४ यसै सभाबाट स्वीकृत भै कार्यान्वयनमा रहेको ब्यहोरा अनुरोध छ ।

गत आश्विन २९ गते नेपाल सरकारबाट जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तह संचालन तथा व्यबस्थापन सम्बन्धमा नेपाल सरकारबाट पटकपटक जारी भएका आदेशहरू तथा राजस्व परामर्श समितिले दिएका सुझावहरू समेतलाई आधार मानी यस हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक ऐन २०७४ मा तत्काल थप तथा संशोधन गर्नका लागि प्रस्ताव गर्नुपर्ने अवस्था नरहेको ब्यहोरा समेत अनुरोध गर्न चाहन्छु । बिनियोजन ऐन २०७४ मा उल्लेखित केही शीर्षकहरूमा रकमान्तर संशोधन गर्नुपर्ने आवश्यकता रहेकोले सो प्रस्तावलाई यस सभा समक्ष प्रस्तुत गर्ने क्रममा उक्त बिधेयकमा भएका मुख्यमुख्य संशोधनहरूलाई छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

पहिलो नगर सभाबाट स्वीकृत बिनियोजन ऐन, २०७४ मा उल्लेख भए अनुसारका केही खर्च शीर्षकहरूमा बिनियोजन भएको रकम अपुग भएको, केही खर्च शीर्षकहरूमा बिनियोजन भएको रकम सबै खर्च हुने अवस्था नरहेको र केही थप कार्यक्रमहरू समेत सञ्चालन गर्नु पर्ने भएकोले बचत हुने रकमलाई अधिकतम उपयोग गर्नेगरी देहाय बमोजिम रकमान्तर गर्न प्रस्ताव पेश गरिएको छ ।

१ पहिलो नगर सभाबाट स्वीकृत पूर्वाधार तर्फका ४५ वटा योजनाहरूको रकम सोही वडा समितिको सिफारिस अनुसार अन्य नयाँ योजनामा रू १  करोड ५९ लाख ५५ हजार रकमान्तर गर्न प्रस्ताव गरिएको छ ।

२ आर्थिक तथा सामाजिक बिकास तर्फका १० वटा योजना तथा कार्यक्रमहरूमा रू ९१ लाख ५० हजार सोही अन्तर्गतका योजनाहरूमा रकमान्तर गर्न प्रस्ताव गरिएको छ ।

३ सुशासन प्रबर्द्धन तर्फ स्वीकृत २७ लाख बजेटलाई सोही रकममा ननाघ्ने गरी आन्तरिक रकमान्तर गरी मिलाउन प्रस्ताव गरिएको छ ।

४ नगरस्तरीय क्षेत्रगत तर्फका ११ योजना तथा कार्यक्रममा बिनियोजित बजेट रू ११ करोड ७ लाख ६९ हजार ५सय लाई आन्तरिक थपघट गरी बचत हुने करीव रू ४ करोड  लाख ७९ लाख रकम १८ वटा नयाँ योजनामा रकमान्तर गर्न प्रस्ताव गरिएको छ ।

यस उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट गठित कानून मस्यौदा समितिबाट देहाय बमोजिमका बिधेयकहरू यस सम्माननीय सभाबाट स्वीकृतिका लागि भैरहेको ब्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

देहायः

१ हेटौंडा उपमहानगरपालिकाको सहकारी बिधेयक, २०७४

२ हेटौंडा उपमहानगरपालिकाको  कृषि व्यवसाय प्रवर्द्धन बिधेयक, २०७४

३ हेटौंडा उपमहानगरपालिकाको  न्यायिक समिति कार्यबिधि बिधेयक, २०७४

४ हेटौंडा उपमहानगरपालिकाको  शिक्षा बिधेयक, २०७४

५ हेटौंडा उपमहानगरपालिकाको  आर्थिक कार्यबिधि नियमित तथा ब्यवस्थित गर्न बनेको बिधेयक, २०७४

अन्त्यमा, संशोधित बजेट तथा बिधेयकको मस्यौदा निर्माणमा सहयोग गर्नुहुने बिषयगत कार्यालयका कर्मचारीहरू, शिक्षाविदहरू, नागरिक समाज तथा अग्रजहरू सबैप्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

मिति २०७४ फाल्गुण ६ गते आइतबार ।